जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १४८ | २०७८ साल पुस २४ गते शनिबार (8 Jan. 2022 Saturday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

हिंसामुक्त घर, सुखी परिवार

समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार

विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : हरूवाचरुवा महिलामा ... ३ पृष्ठमा : प्रदेश २ मा धान उत्पादन ... ३ पृष्ठमा : भारतमा थप एक लाख भन्दा ...

## अदालतको परमादेशबाट बनेको सरकारमाथी जनताको विश्वास छैन् : एमाले सचिव महासेठ



**दैनिक समाचारदाता राजविराज, २३ पुस ।**

नेकपा एमालेका सचिव एवं प्रदेश २ का इन्चार्ज रघुबिर महासेठले अदालतको परमादेश र अपवित्र गठबन्धनबाट बनेको सरकारमाथी जनताको विश्वास नरहेको बताएका छन् ।

पार्टीको ९ औं सप्तरी जिल्ला अधिवेशनको उद्घाटन सत्रलाई शुक्रबार राजविराजस्थित राजरंगशालामा सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले बर्तमान सरकार अपवित्र गठबन्धनबाट निर्माण भएको भन्दै यसबाट मुलुकको समस्या समाधान नहुने समेत दाबी गरे ।

उनले भने, "अहिले पनि नेकपा एमाले संसदमा सबैभन्दा ठूलो पार्टी रहेको छ, मुलुकको समस्या समाधानका लागि नेकपा एमाले मात्र सक्षम छ ।"

साना दलहरुले स्वार्थबस गठबन्धन गरि बनाएको सरकारबाट समस्या समाधान हुन नसक्ने ठोकुवा गर्दै उनले नेकपा एकिकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कम्युनिष्ट आन्दोलन बिरोधीको संज्ञा दिए ।

जिल्ला अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजित अधिवशेन उद्घाटन समारोहमा एमाले प्रदेश २ का सहइन्चार्ज एवं स्थायी कमिटि सदस्य प्रभु साह, पार्टीका पोलिटब्यूरो एवं राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, प्रदेश २ का सहइन्चार्ज लिलानाथ श्रेष्ठ, प्रदेश सभासदस्य सत्यनारायण मण्डल, केन्द्रिय सदस्य ज्वाला साह, केन्द्रिय सदस्य एवं सप्तरी इन्चार्ज दिवाकर देवकोटा, केन्द्रिय सदस्य एवं सप्तरी सहइन्चार्ज राजकुमार लेखी, केन्द्रिय सदस्य एवं सप्तरी सहइन्चार्ज सरिता गिरीलगायतले पनि सम्बोधन गरेका थिए ।

उक्त कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि एमालेमा प्रवेश गरेका ५ सय १७ जना नवप्रवेशीलाई प्रमुख अतिथि महासेठले फुलमाला र अविर लगाई स्वागत गरेका थिए ।

## मल कारखाना निर्माणका लागि गृहकार्य भइरहेको छ : मन्त्री यादव

काठमाडौं, २३ पुस (रासस) ।

कृषि तथा पशुपक्षी विकासमन्त्री महिन्द्र राय यादवले विद्युत्मा आधारित मल कारखाना निर्माणका लागि गृहकार्य भइरहेको बताउनुभएको छ ।

बिहीबार आयोजित एक अन्तर्क्रियामा उहाँले विद्युत्मा नै आधारित फ्याक्ट्री निर्माणका लागि जर्मनीसँग छलफल भइरहेको जानकारी दिँदै यस कार्यका लागि जर्मनी र थाइल्याण्डका कम्पनी इच्छुक रहेको बताउनुभयो ।

मन्त्री यादवले एक लाख मेट्रिकटन युरिया, दुई लाख मेट्रिकटन डिएपी र आठ लाख मेट्रिकटन पोटासिएम मलको आवश्यकता हुने बताउँदै मुलुकमा हुने मल अभावको समस्या समाधान गर्न विद्युत्मा नै आधारित मल कारखाना आवश्यक रहेको प्रष्ट पार्नुभयो । मुलुकमा मल कारखाना स्थापनाका लागि अहिले पनि लगानी बोर्डमा प्रस्ताव दर्ता भएको जानकारी दिँदै उहाँले करिब एक खर्ब २५ अर्ब लागत लाग्ने अनुमान गरिएको बताउनुभयो ।

देशको समृद्धिका लागि कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायीकरण अनि औद्योगिकीकरण, मूल्य निर्धारण, भण्डारण र बजारीकरणको उचित प्रबन्ध गर्नुपर्नेमा जोड दिँदै मन्त्री यादवले कृषि क्षेत्रको विकासका लागि सरकारले बनाएको २० वर्षे योजनाअन्तर्गत कार्य गर्न बजेटको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

## सिडिओ र प्रहरी प्रमुखलाई एकैसाथ जिल्ला नछाड्न सर्कुलर

काठमाडौं, २३ पुस (रासस) । :

गृहमन्त्रालयले प्रमुख जिल्ला अधिकारी र जिल्लाका प्रहरी प्रमुखलाई एकैसाथ जिल्ला नछाड्न सर्कुलर जारी गरेको छ ।

गृहमन्त्री बालकृष्ण खाँणले जिल्लाको शान्ति सुरक्षालाई मध्यनजर गरी एकैचोटी जिल्ला नछाड्न सर्कुलर जारी गरिएको जानकारी दिनुभएको छ । गृहमन्त्रालयमा शुक्रबार नेपाल निजामती कर्मचारी युनियनको आठौं विभागीय अधिवेशनको उद्घाटन समारोहमा उहाँले उक्त कुराको जानकारी दिनुभएको हो ।

उहाँले गृहमन्त्रालय अरु मन्त्रालय जस्तो नभइ चौविसै घण्टा सेवा दिनुपर्ने विशिष्ट खालको रहेको जानकारी दिँदै असहज अवस्थामा पनि दिनरात नभनी काम गर्ने कर्मचारीप्रति सम्मान प्रकट गर्नुभयो । राज्य प्रणाली सञ्चालनको मूल आधारशिला भनेको राष्ट्रसेवक कर्मचारी रहेको र जुनसुकै परिस्थितिको सामना गर्न तयार हुनुपर्ने सुझाव उहाँले दिनुभयो । उहाँले भन्नुभयो, "नयाँ चुनौती र दायित्व आउन सक्छन, सामना गर्न कर्मचारी तयार हुनुपर्छ ।"

कर्मचारीले जनता आउँदा सेवा राम्रो दिन सक्नुपर्नेमा जोड दिँदै गृहमन्त्री खाँणले अहिले दुई घण्टा लाग्दै आएको कामलाई डेढ घण्टा र छ घण्टा लाग्दै आएको कामलाई पाँच घण्टामा सम्पन्न गरे पनि सेवाग्राहीमा ठूलो राहत हुनेतर्फ ध्यानाकर्षण गराउनुभयो । उहाँले मन्त्रालय र मातहतका कार्यालयमा कोही पनि हाकिम कर्मचारी नभइ सबै एकै परिवारका सदस्य रहेको पनि बताउनुभयो ।

## लागुऔषध बोकेर साइकलमा आउँदै गरेका दुई यूवा पक्राउ



**दैनिक समाचारदाता राजविराज, २३ पुस ।**

सप्तरीको राजगढ गाउँपालिकास्थित बनैनियाबाट प्रहरीले दुई यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ । भारतीय बजारबाट साइकलमा सवारहुँदै लागुऔषध बोकेर आइरहेका सप्तरीको विष्णुपुर गाउँपालिका ४ बस्ने २३ वर्षिय श्यामकुमार यादव र तिलाठी कोइलाडी गाउँपालिका ८ बस्ने २० वर्षिय परमानन्द महतोलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरुको साथबाट प्रतिबन्धित एसपिएम प्रोकिसभन ४०८ र नाइट्राभेट १० चार थान र डाइलेक्स डिसि १०० एमएल चार बोतल बरामद गरिएको प्रहरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## थप ९६८ मा कोरोना संक्रक्रमण पुष्टि

काठमाडौं, २३ पुस (रासस) । :

देशभर पछिल्लो २४ घण्टामा थप ९६८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । यो संख्या बिहिबारभन्दा झण्डै दोब्बर हो । बिहिबार ५४० जनामा सङ्क्रमण पुष्टि भएको थियो । पछिल्लो २४ घण्टामा १४ हजार ९७१ जनाको नमूना परीक्षण गरिएको थियो । आठ हजार २७२ जनाले पीसीआर र छ हजार ६९९ले एन्टीजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा २६२ कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख १३ हजार ७०९ पुगेको छ । निको हुनेदर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा हालसम्म आठ लाख ३१ हजार ५२ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९६ हजार ८४१ सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख १० हजार १४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ५१ हजार ९३ पुगेको छ । कुलमा सङ्क्रमण दर १६ दशमलव नौ प्रतिशत छ ।

कोभिडबिरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख ६३ हजार ३७१ रहेको छ । हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार ७४१ रहेको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्यु भएको छैन । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६०२ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ ।

हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा १५ र आइसियूमा ८१ जना रहेका छन् । होम आइसोलेशनमा पाँच हजार २८६, संस्थागत आइसोलेशनमा ४५५ र क्वारेन्टिनमा ११३ रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ४५४, ललितपुर ६६४ र भक्तपुरमा ५६२ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## सम्पादकीय

### ध्वनी प्रदुषण नियन्त्रणप्रति सचेत बनौं

प्रदुषण भन्ने बित्तिकै हामी वातावरणलाई दुषित गर्ने तथ्यलाई बुझ्दछौं । प्रदुषण भनेको वातावरणलाई वेफाइदा पुर्‍याउनुदेखी मानविय जिवनलाई कुनै पनि प्रकारबाट पुर्‍याइरहेको हानीलाई पनि बुझ्नुपर्दछ । जस अन्तरगत ध्वनी पनि एक हो । एक दशकभन्दा बढी समय भइसक्दा पनि सप्तरी जिल्लामा ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्ने कुरा कागजमै सीमित भएको छ । अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् ।

सम्बन्धीत निकायहरुको एक बैठकले विवाहको बेला ठूलो स्वरमा बजाइने डिजेलाई कारवाही गर्ने निर्णय कागजमै सीमति भएसँगै डिजेहरु बजाउने कार्य रोकिएको छैन् । यसरी कुनै पनि निर्णय गर्नु अगावै त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यान पर्ने हो । तर, यस जिल्लामा गरिने निर्णयहरु जहिले पनि हचुवाको तालमै हुने गरेको छ । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । शिर्ष नेताहरुको भाषण सुनाउन आयोजकहरुले बजारको सार्वजनिक चौकमा साउण्ड बक्स जडान गर्ने कार्यलाई कसैले रोक्न सकेका छैनन् । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषन हुने गरेको छ ।

ध्वनी प्रदुषण रोक्नका लागि सम्बन्धीत निकायले कार्यान्वयन पक्षलाई बलियो बनाउनु आवश्यक छ । अदालतबाट भएको निर्देशनात्मक आदेशको समेत पालना नहुनु दुर्भाग्यपूर्ण हो । तसर्थ कुनै पनि निर्णय वा आदेशको पालना गराउनेतर्फ सम्बन्धीत निकाय जिम्मेवार बन्नु आवश्यक छ ।

# हरूवाचरुवा महिलामा आएको परिवर्तनले जनप्रतिनिधि बजेट विनियोजन गर्दै

**राजु विश्वकर्मा**
जनकपुर, २३ पुस (रासस) ।

घरबाट निस्कन र हतपति बोल्नसमेत लजाउने स्वभावकी सप्तरीको शम्भुनाथ नगरपालिका-५ मोहनपुर निवासी शोभादेवी सदा यतिबेला भन्ने दलित समुदायको अधिकारका लागि खुलेर बहस गर्न थाल्नुभएको छ ।

परिवारको गुजारा चलाउन वर्षौंदेखि स्थानीय साहुको खेतबारीमा कृषि मजदुरी गर्दै आएकी शोभादेवी यतिबेला मजदुरीमा भोगिरहेको समस्या र आफ्ना समुदायको हक अधिकारका बारेमा खुलेर बहस गर्न थाल्नुभएको हो ।

"मधेसी समाज, घरको बुहार्तन र गरिबीका कारण चाहेर पनि पहिला स्वतन्त्ररूपमा हिँडडुल गर्न र बोल्न सक्दैनथ्यो", उहाँले भन्नुभयो, "जब म आफ्नै गाउँमा गठित हरूवाचरुवा अधिकार मञ्चको सदस्य बन्ने, समूहमार्फत भइरहेको छलफल र बैठकमा सहभागी हुन थालेपछि बोल्ने साहस आएको हो ।" समूहमा दलित समुदाय र त्यसभित्र पनि हरूवाचरुवाको सवाल र अधिकारबारे निरन्तर बहस र छलफल भइरहेकाले आफू पनि सामाजिक विकासका क्षेत्रमा परिचालित भएको शोभा देवीको भनाइ छ ।

"सुरुमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा सञ्चालित रिफलेक्ट कक्षामा सहभागी भए", उहाँले भन्नुभयो, "त्यहाँ अक्षर चिन्न र महिला अधिकार, हरूवाचरुवा र दलित अधिकारका बारेमा जानकारी भएपछि साहस बढ्यो ।" मजदुरीका क्रममा भोगिरहेको पीडा, साहुमहाजनबाट पाएको दु:ख सम्झेर आँखा रसायो, विगतको त्यो सम्झेर मलाई हरूवाचरुवा अधिकारका लागि लड्ने प्रेरणा मिल्यो उहाँको भनाइ छ । विगतको शोषण, दु:ख र पीडाले गर्दा नै आफूलाई दलित अधिकारका बारेमा लड्ने प्रेरणा मिलेको उहाँले बताउनुभयो ।

बिरामी पतिको उपचारका लागि स्थानीय साहुसँग लिएको ऋण तिर्न नसकेर मजदुरी गर्न बाध्य सप्तरीकै शम्भुनाथ नगरपालिका- ३ की सुमित्रादेवी सदा पनि यतिबेला हरूवाचरुवाले भोग्दै आएको दु:ख पीडाबारे निर्धक्क भएर बोल्न थाल्नुभएको छ । "सुरुसुरुमा घरको सासु, जेठाजु लगायतले तालिम, भेलामा जान रोक्नुहुन्थ्यो तर बिस्तारै घरमा सबैलाई सम्झाउँदै बुझाउँदै गएपछि कुरा बुझ्न थालेको र अहिले गाउँ टोलदेखि बाहिरी जिल्ला जानु पर्दासमेत कसैले रोक्दैनन्", सुमित्रादेवीले भन्नुभयो, "अहिले त गाउँदेखि शहर र स्थानीय तहमा समेत आफ्नो हक र अधिकारका बारेमा ढुक्क भएर बोल्न सक्छु ।"

समान्य लेखपढ गर्नसमेत नजानेकी सुमित्रादेवी अब साहुमाहजनमा मजुरी गर्न छाडेर गाउँमा किराना पसल खोलेर व्यवसायी गर्ने सोचाइमा रहेको बताउनुभयो । "ज्याला मजदुरीमा दिनभरी काम गर्दा पाँच किलोग्राम धान मात्र ज्याला पाउँछौँ", उहाँले भन्नुभयो, "त्यसबाट परिरवार चलाउनसमेत समस्या हुन्छ, त्यसैले अब गाउँमै व्यवसाय गर्न चाहेकी छु ।" आफूलाई व्यवसाय गर्न गाउँकै हरूवाचरुवा अधिकार मञ्चका सदस्यले सहयोग गर्न आश्वासन दिएको उहाँको भनाइ छ ।

आर्थिक बिपन्नता र चेतनाको अभावमा साहुमाहाजनमा श्रम गर्दै आएकी शोभादेवी र सुमित्रादेवीको जीवनमा आएको यो परिवर्तन कुनै चमात्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सशक्तीकरण कार्यक्रमबाट आएको हो । द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाका माध्यमबाट हरूवाचरुवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियतामा गठन भएको हरूवाचरुवा बचत समूहमा आबद्ध भएकी शोभादेवी र सुमित्रादेवी त्यही समूह सक्रिय छन् ।

दलित र विपन्नता भएकै कारण हरूवाचरुवाका रूपमा जीवन बिताउँदै आएका ती दलित समुदायका महिलामा आएको परिवर्तनसँगै स्थानीय जनप्रतिनिधिले पनि हरूवाचरुवाको सशक्तीकरणका लागि बजेटसमेत विनियोजन गर्न बाध्य भएका छन् । चालू आर्थिक वर्ष २०७८/०७९ मा सप्तरीको शम्भुनाथ नगरपालिकाका विभिन्न वडाले वडास्तरीय बजेटमा हरूवाचरुवाको सशक्तीकरणका लागि छुट्टै बजेट विनियोजन गरेका छन् ।

शम्भुनाथ नगरपालिका- ३, वडा नं ५, वडा नं ७, वडा नं ८ र वडा नं ९ ले हरूवाचरुवा सशक्तीकरण विशेष कार्यक्रम तथा अतिरिक्त कक्षा सञ्चालनका लागि भन्दै रु एक/एक लाख बजेट विनियोजन गरेको नगरपालिकाले जनाएको छ ।

यस्तै हरूवाचरुवा परिवारको सशक्तीकरणका लागि शम्भुनाथ नगरपालिका वडा नं ४ ले रु ५६ हजार ७४६ र र वडा नं ११ ले रु ८८ हजार ७२६ बजेट छुट्याएको नगरपालिकाका सूचना अधिकारी प्रधुम्न पोखरेलले बताउनुभयो । "सुरुसुरुमा हरूवाचरुवाको को हुन, कति सङ्ख्यामा छन् भन्ने नै थाहा थिएन्", उहाँले भन्नुभयो, "गाउँगाउँमा हरूवाचरुवासम्बन्धी कार्यक्रम चल्न थालेपछि बिस्तारै हामीलाई जानकारी हुन थालेको छ ।" त्यही भएर वडाध्यक्षले आफ्नो वडास्तरीय बजेटमा हरूवाचरुवा लक्षित कार्यक्रम शीर्षकमा बजेट छुट्याउन थालेको उहाँको भनाइ छ ।

पछिल्लो समय दलित महिलामा आएको परिवर्तन लोभलाग्दो रहेको बताउँदै शम्भुनाथ नगरपालिका- ५ का वडाध्यक्ष हिरणकुमार चौधरीले यहाँको दलित बस्तीका महिलामा आएको चेतनाबाट अन्य ठाउँका महिलाले पाठ सिकेर अघि बढे छिटै सामाजमा परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो ।

# बालअधिकारका लागि संस्थाको २० बुँदे प्रतिबद्धता

काठमाडौँ, २३ पुस (रासस) ।

बालअधिकारका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाको सञ्जालले बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, विकास र सहभागिताका लागि २० बुँदे साझा प्रतिबद्धता जारी गरेका छन् ।

ती संस्थाका प्रतिनिधिको बिहीबार बालअधिकार अभियानकर्मी गौरी प्रधानको प्रमुख आतिथ्यतामा ललितपुरमा आयोजित भेलामा नेपालको संविधानको धारा ३९ मा भएको बालबालिकासम्बन्धी हकको व्यावहारिक कार्यान्वयन, बालबालिकासम्बन्धी ऐन, २०७५ को संशोधन, विभिन्न ऐनमा देखिएको समस्या संशोधन, आसन्न निर्वाचनमा बालबालिका र विद्यालयको दलगत प्रयोग रोक्न पहल गर्ने प्रतिबद्धता जनाइएको हो ।

दलको घोषणापत्रमा बालबालिकाका सवाल समेट्न पहल गर्न साझा धारणा बनाई बहस, पैरवी गर्ने गरी सबै सञ्जाल एकठाउँमा हुने वातावरण निर्माण भएको राजनीतिक दलसँग गरिने माग, विद्यमान ऐन, नियमावली, नीति, निर्देशिका र कार्ययोजनामा भएका राम्रा पक्षलाई कार्यान्वयन गर्न पहल गरी सम्बोधन हुन बाँकी रहेका सवाललाई सञ्जालका तर्फबाट साझा धारणा बनाई अगाडि बढ्ने सहमति ती प्रतिनिधिको छ । तिनै तहका सरकारले सडक बालबालिका, दुर्व्यवहार, हिंसामा परेका बालबालिकाको उद्धार, संरक्षण र पारिवारिक पुन:स्थापनाका लागि बनाउने एकीकृत कार्ययोजना, बालकोषलगायतका सवालमा पनि समान धारणा बनाउने र आवश्यक सहयोग, सहकार्य गरिने उल्लेख छ ।

स्थानीयतहलाई बालमैत्री बनाउन, स्थानीय सरकारको योजना प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता लागू गराउन पहल गर्ने, बालबालिकाको पोषण, बालसंवेदनशील सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न पैरवी गर्नेलगायतका सवालमा सबै सञ्जाल एक भएर जाने सहमति भएको छ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप), बाल सहभागिताका कार्यरत संस्थाको समूह, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, बालसंरक्षण सञ्जाललगायत सञ्जालले सो प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेको सिजपका अध्यक्ष राजेश शर्माले जानकारी दिनुभयो ।

# संग्रहालय परिसरमा बनाउँदै गरेका संरचना भत्काउन सुरु

काठमाडौँ, २३ पुस (रासस) ।

नारायणहिटी दरबार संग्रहालयभित्र रेष्टुरेन्टका लागि निर्माण गरिन लागेका संरचना भत्काउन सुरु गरिएको छ । रेष्टुरेन्टका लागि बतास समूहले बनाउँदै गरेको संरचना भत्काउन सुरु गरिएको नारायणहिटी दरबार संग्रहालय विकास समिति कार्यकारी निर्देशक भेषनारायण दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार शुक्रबारदेखि अधिकांश संरचना भत्काइएको छ भने केही भत्काउने तयारीमा रहेका छन ।

क्यान्टिन तथा रेस्टुरेन्ट सञ्चालनका लागि बतास समूहले संरचना बनाउन थालेपछि चौतर्फी विरोध सुरु भएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले सहसचिव होमप्रसाद लुईंटेलको संयोजकत्वमा नारायणहिटी दरबार संग्रहालयभित्र रेष्टुरेन्टलगायतका व्यवसाय गर्न बतास समूहलाई दिने हालसम्मका निर्णय प्रक्रियाको छानबिनका लागि एक छानबिन समिति गठन भएको छ । समितिले शुक्रबारदेखि आफ्नो काम सुरु गरेको उक्त समितिका सदस्य तथा कर्मचारी प्रशासन शाखाका उपसचिव टेकनारायण पौडेलले जानकारी दिनुभयो ।

समितिले ती विवादित संरचना भत्काउनका लागि १२ जना कामदार खटाएको जनाएको छ । समितिले संग्रहालयको १० रोपनी जमिनमा रेस्टुरेन्ट व्यवसाय सञ्चालन गर्न बतास कम्पनीसँग सम्झौता गरेको थियो । पुरातात्विक क्षेत्र मानिएको नारायणहिटी दरबार संग्रहालयभित्र रेस्टुरेन्ट बन्दै गरेको समाचार बाहिरिएपछि चौतर्फी आलोचना भएको थियो ।

## वीमा लेख नं. हराएको सूचना

जलेश्वरदेखी जनकपुरतर्फ जाँदै गरेको अवस्थामा २०७८ साल मंसिर २ गते मेरो निम्न व्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१६८१२०४१ मा सम्पर्क गर्नुहोला ।

**नाम : रिंकु देवी**
**ठेगाना : पिपरा ४, महोत्तरी**
**वीमा लेख नं. :२५०९००१८८**


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश नं २ मा धान उत्पादन घट्यो

जनकपुर, २३ पुस (रासस)।

प्रदेश नं २ का जिल्लामा यस वर्ष धान उत्पादन दरमा ह्रास आएको छ। गत कात्तिकमा भएको बेमौसमी वर्षा कारण प्रदेशका जिल्लामा गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा ह्रास आएको हो।

प्रदेशमा चालु आर्थिक वर्षमा कूल तीन लाख ७६ हजार ४३४ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ५१ मेट्रिक टनका दरले १३ लाख १९ हजार ८०६ मेट्रिक टन धान उत्पादन भएको प्रदेश नं २ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी मनिषकुमार पालले जानकारी दिनुभयो।

गत आव २०७७/७८ मा तीन लाख ४५ हजार ६०३ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ६५ मेट्रिक टनका दरले १२ लाख ६२ हजार २०० मेट्रिक टन धान उत्पादन भएको थियो। सूचना अधिकारी पालका अनुसार गत वर्षको तुलनामा यस वर्षमा बारा र पर्सामा धान उत्पादन बढे पनि बाँकी छ जिल्लामा धान उत्पादन घटेको छ।

यस वर्ष पर्सामा ३५ हजार २० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ८० मेट्रिक टनका दरले एक लाख ६८ हजार ९६ मेट्रिक टन धान उत्पादन भएको छ भने बारामा ४६ हजार २० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव १९ प्रतिशतका दरले एक लाख ९२ हजार ७६८ मेट्रिक टन धान उत्पादन भएको सूचना अधिकारी पालले जानकारी दिनुभयो।

गत आव २०७७/७८ मा पर्सामा ३९ हजार ४६३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव पाँच मेट्रिक टनका दरले एक लाख ५९ हजार ८२५ मेट्रिक टन धान उत्पादन भएको थियो भने बारामा ४० हजार १२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ३३ मेट्रिक टनका दरले एक लाख ३३ हजार ६१६ मेट्रिक टन धान उत्पादन भएको थियो।

प्रदेशका पर्सा र बारामा यस वर्ष धान उत्पादन दर बढे पनि धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिरहा र सप्तरीमा घटेको छ। धनुषामा यस वर्ष ५३ हजार ४०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव २० का दरले एक लाख ७० हजार ८८० मेट्रिक टन, महोत्तरीमा ४५ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ६३ मेट्रिक टनका दरले एक लाख ६५ हजार २०० मेट्रिक टन, सर्लाहीमा ४४ हजार हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ३० प्रतिशतका दरले एक लाख ४५ हजार २०० मेट्रिक टन र रौतहटमा ३७ हजार ७७५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ९६ मेट्रिक टनका दरले एक लाख ११ हजार ७४० मेट्रिक टन धान उत्पादन भएको जनाइएको छ।

यस्तै यस वर्ष सिरहामा ५७ हजार ६९० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ४० मेट्रिक टनका दरले एक लाख ९६ हजार १४६ मेट्रिक टन र सप्तरीमा ५७ हजार ५४ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ९८ मेट्रिक टनका दरले एक लाख ६९ हजार ७७६ मेट्रिक टन धान उत्पादन भएको उहाँले बताउनुभयो।

गत आव २०७७/७८ मा धनुषामा ५३ हजार ३०१ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ९६ का दरले दुई लाख ११ हजार ७२ मेट्रिक टन, महोत्तरीमा ३३ हजार ७३६ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ६५ मेट्रिक दरले एक लाख २३ हजार १३५ मेट्रिक टन, सर्लाहीमा ४५ हजार ९५० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ६४ प्रतिशतका दरले एक लाख ६७ हजार २५८ मेट्रिक टन र रौतहटमा ३५ हजार ९९८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ४८ मेट्रिक टनका दरले एक लाख ३३ हजार ६१६ मेट्रिक टन धान उत्पादन भएको थियो।

यस्तै गत वर्ष सिरहामा ४७ हजार ५८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ५३ मेट्रिक टनका दरले एक लाख ६७ हजार ९५७ मेट्रिक टन र सप्तरीमा ४९ हजार ४५० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ५२ मेट्रिक टनका दरले एक लाख ७४ हजार ६४ मेट्रिक टन धान उत्पादन भएको थियो। धानखेतीको समयमा वर्षा भएको र ग्वारो किराको प्रकोपसमेत कम भएकाले यस वर्ष धान उत्पादन दर बढ्ने अनुमान गरिए पनि धान भित्र्याउने बेला गत कात्तिकमा भएको बेमौसमी वर्षाले क्षति पुऱ्याएका कारण धान उत्पादनमा कमी आएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका बाली विकस अधिकृतसमेत रहनुभएका सूचना अधिकारी पालले बताउनुभयो।

# महामारीको छायाँले फिक्का बनायो नयाँ वर्ष

काठमाडौं २३ पुस (रासस)।

अघिल्लो वर्ष यतिबेला कोरोना भाइरसको त्रासबाट उम्किन लागेको अनुभव गरिरहेको युरोपले अहिले फेरि ओमिक्रोन भेरियन्टबाट बच्न निकै ठूलो संघर्ष गरिरहेको छ। अहिले खासगरी बेलायत र फ्रान्समा कोरोना भाइरसले उग्र रुप लिँदै गरेको देखिएको छ। यसबाहेक इटाली, ग्रीस, पोर्चुगल र इङ्ल्यान्ड सबैमा कीर्तिमानी संख्यामा संक्रमणहरू पुष्टि भएका समाचारहरु दिन प्रतिदिन आइरहेका छन्। क्रिसमसका कारण परीक्षणका परिणामहरू आउन ढिलो हुनुलाई आँकडा बढ्नुको आंशिक कारण मानिएको छ।

बेलायतमा हरेक दिन आउने समाचारमा महामारी सुरु भएपछिकै सबैभन्दा धेरै संक्रमित देखिएको दिन भनेर विभिन्न सञ्चारमाध्यमहरुले दिइरहेका हुन्छन्। दुई दिन मात्र अघि फ्रान्समा पनि एकै दिनमा लाखौं व्यक्ति संक्रमित देखिएका थिए। यता अमेरिकाको अवस्था पनि त्यस्तै छ। यहाँ हरेक दिन लाखौं व्यक्ति संक्रमित भएका समाचार आएका छन्। यो अवस्था उता अफ्रिकामा पनि छ। यता भारतको झन् कुरै भएन। भारतमा दश दिन अघिको तुलनामा दश दिन यता करिब ८०० प्रतिशतले संक्रमण बढेको पाइएको बताइएको छ।

त्यसैले विश्व स्वास्थ्य संगठनले युरोपमा बढ्दो संक्रमणले स्वास्थ्य प्रणालीमा थेग्नै नसक्ने किसिमको चाप उत्पन्न गराउनसक्ने चेतावनी दिएको छ। बुधबार मात्र फ्रान्समा दुई लाखभन्दा पनि बढी संक्रमित पुष्टि भएको त्यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका थिए। यसरी हरेक दिन धेरै भन्दा धेरै संक्रमित हुनेहरु फ्रान्ससहित इटली, ग्रीस, पोर्चुगल र इंगल्यान्ड पनि छन्। चाडपर्वलगत्तै आइरहेको बढ्दो संक्रमणको विवरण तीव्र गतिमा फैलिने ओमिक्रोन भेरियन्टका कारण निम्तिएको ठानिन्छ। अध्ययनहरूले डेल्टाभन्दा ओमिक्रोन भेरिअन्ट कमजोर रहेको र त्यसका कारण अस्पताल भर्ना हुनुपर्ने अवस्था ३० देखि ७० प्रतिशत कम हुने त देखाएका थिए। तर पनि यसको त्रास भने यसरी भनिएजस्तो गरी घटेको देखिन्न। किनभने ओमिक्रोनको त्रासका कारण विश्वका विभिन्न देशमा यसको असर परेका समाचारहरु आइ नै रहेका हुन्छन्।

यता भारतमा हेर्ने हो भने पनि यसको अवस्था त्यस्तै देखिएको छ। भारतमा कोरोना संक्रमण तीव्र गतिमा बढिरहेको छ। हरेक दिन भारतमा संक्रमितको संख्यामा घटीमा पनि ५५ प्रतिशतले वृद्धि भएको देखिएको छ। पछिल्लो १० दिनदेखि भारतमा उच्च गतिमा कोरोना सङ्क्रमण बढिरहेको छ। २६ डिसेम्बरमा जम्मा ६ हजार ५३१ मा सङ्क्रमण पुष्टि भएको भारतमा अहिले भने दिनमै एक लाख १७ हजार १०० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। यहाँ हरेक दिन सङ्क्रमण पुष्टि हुनेको संख्या ५० हजार भन्दा पनि बढी भएको देखिएको छ। यो भनेको करिब ८०० प्रतिशत हो। भारतमा ओमिक्रोन भेरियन्ट पुष्टि हुनेको संख्या पनि प्रतिदिन बढ्दो छ। यहाँ अहिलेसम्ममा तीन हजारभन्दा बढी नै यसका संक्रमित भेटिएका छन्।

सन् २०१९ को डिसेम्बरमा चीनको हुबे प्रान्तको बुहान शहरबाट शुरु भएको कोरोनाको प्रकोप विश्वका शक्तिशाली राष्ट्रलगायत कैयौं राष्ट्रमा फैलियो। पछिल्ला दुई वर्षले महामारीले ठूलो प्रकोप बेहोरेको छ। यसले विश्वलाई समान रुपमा र बडो क्रुरताका साथ प्रहार गरेको छ। सन् २०२२ मा विश्वले के सायद यो रोगबाट मुक्ति पाउने दिन पर्खिरहेको थियो तर त्यो सम्भव भने हुन सकेन। अनिश्चितता बढ्दै गइरहेको छ। सन् २०२१ पनि लगभग यही प्रकोपका कारण बितेको थियो भने यो वर्ष पनि यसै महामारीबाट सुरु भएको देखिएको छ। अझ यो वर्षका सुरुआतमा त झन् नयाँ नयाँ भेरियन्ट ओमिक्रोनले सताउन पुगेको छ। कोभिड १९ को नवीनतम उत्पत्तिका रुपमा ओमिक्रोन आएको छ भने उता डेल्टा भेरियन्ट जारी रही फैलिरहेको अवस्थामा पनि झन् छँदै नै छ। महामारी सुरु भएदेखिका वर्षबाट नै विश्वको अर्थतन्त्र प्रभावित छ। यसबाट बाँच्नका लागि विश्वका नागरिकहरुले ठूलो संघर्ष गरेका छन् तर यसबाट मुक्ति पाउन सकेका छैनन्।

विश्वको अर्थतन्त्रमाथि फेरि पनि प्रहार हुने अवस्था देखा परिरहेको छ। किनकि महामारीको अर्को स्वरुप फेरि पनि युरोप र अमेरिकामा शुरु भएको छ र एसियाली देशहरुमा पनि प्रहार गर्न तयार छ। आशाको एउटा किरण भनेको यो विश्वास हो कि भाइरसले विस्तारै आफ्नो शक्ति गुमाउँदैछ, किनकि ओमिक्रोनले अहिलेसम्म कम अस्पतालमा भर्ना भएको छ।

धेरै राम्रो स्वास्थ्य पूर्वाधारको साथ विकसित राष्ट्रहरुले पनि कोरोना महामारीको अगाडी घुँडा टेक्नुपर्ने अवस्था यो महामारीका कारण उत्पन्न भएको छ। विकासशील र गरिब राष्ट्रहरू यो महामारीबाट अझ बढी प्रताडित हुन पुगेका छन्। सन् २०१९ को डिसेम्बर महिनामा चीनको हुबे प्रान्तको बुहान शहरबाट शुरु भएको यस महामारीले विश्वभरका स्वास्थ्य संरचनाहरुमाथि नै धावा बोल्न पुगेको छ। स्वास्थ्य क्षेत्रका अधिकारीहरुका कार्यक्रम र अनुमान पनि ध्वस्त हुन पुगे। यसवर्ष त नयाँ वर्षलाई राम्रोसँग स्वागत गरौंला भनेको विश्व समुदाय नै अहिले पनि निकै अप्ठेरो अवस्थामा पुग्यो। विश्वका नागरिकले नयाँ वर्षको स्वागत गरेर रमाइलो गर्न पनि सकेनन्। इटाली होस्, अमेरिका, पाकिस्तान, भारत, रुस, चीन वा नेपाल, म्यान्यामार र बंगलादेश विश्वका सयौं देशलाई यो महामारीले फेरि एकपटक अर्को फेरो लगाउन थालिसकेको छ।

पहिलो पटक ओमिक्रोनको आगमनसँगै दक्षिणी अफ्रिका देशहरूमा विश्वका कैयौं राष्ट्रले अफ्रिकी राष्ट्रहरूबाट यात्रा प्रतिबन्ध लगायो। महामारीले विश्व नेताहरूलाई जीवनका केही पाठहरू सिकाएको हुनुपर्छ। सबैले भाइरस र यसको घातक आर्थिक नतिजाहरू विरुद्ध लड्ने काम झन्भन्दा झन् जटिल बन्दै गएको देखिएको छ। स्वास्थ्य संकटको बावजुद र विश्वभरि आर्थिक मन्दीको साथमा ठूला शक्तिहरु पनि यसका विरुद्ध लड्ने कामलाई निरन्तरता दिन बाध्य भएका छन्।

के ओमिक्रोनले १०० वर्ष पहिलेको स्पेनिस फ्लूलाईजस्तै हल्का भेरियन्टले जस्तै कोभिड-१९ महामारीको अन्त्य गर्नेछ ? के ओमिक्रोनले महामारीको अन्त्य गर्नेछ ? शीर्ष विज्ञहरू भन्छन् कि ओमिक्रोनले कोभिड-१९ को लागि 'प्राकृतिक खोप' को रूपमा काम गर्न सक्छ। कोरोना ओमिक्रोन भेरियन्टबीचमा नयाँ वर्ष २०२२ का उत्सवहरु विश्वभरका उत्साहजन रहेनन्। सरकारहरूले मानिसहरूलाई ठूला जमघटहरूबाट जोगिन र परिवारका सदस्यहरू र नजिकका साथीहरूका लागि उत्सवहरू प्रतिबन्धित गरी राख्न आग्रह गरेका थिए। उनीहरूले स्वास्थ्य पूर्वाधारमा खुकुलो पार्ने डरले सरकारहरुको सो आग्रह आएको थियो।

नयाँ वर्षको उत्सवहरूलाई ऐतिहासिक बनाउन चाहने विश्व समुदायलाई पनि दुई वर्षदेखि जारी रहेको महामारीले फिक्का बनाइदिएको छ। करिब ५ महिनाजति अघि महामारीको अन्त्य होला कि भन्ने आशा अहिले आएर भने मरिसकेको छ। अब त यस्तो लाग्दैछ कि यो वर्ष २०२२ पनि कोरोना भाइरसकै छायाँमा बित्ने त होइन ? ओमिक्रोन भेरियन्टको आगमनले जुन डरलाग्दो स्वरुप लिएको छ यसले यो वर्ष पनि महामारीकै छायाँमा राखिदिने त्रास झनै बढाएको देखिएको छ।

# विश्व समाचार

## भारतमा थप एक लाख भन्दा बढी कोरोना सङ्क्रमित, ओमिक्रोनका सङ्क्रमति तीन हजार नाघ्यो

नयाँदिल्ली, २३ पुस (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख १७ हजार १०० सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ५२ लाख २६ हजार सङ्क्रमित भएका छन्।

हाल यहाँ तीन हजार ७ जना ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। ओमिक्रोनका ती सङ्क्रमितहरुमा एक हजार १९९ जना भने कोरोना मुक्त भएका जनाइएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख ७१ हजार ३६३ रहेका छन्।

गएको २४ घण्टामा भारतमा ३० हजार ८२६ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४३ लाख ७१ हजार ८४५ जना कोरोना सङ्क्रमण निको भएकाले कोरोना भाइरस निको हुने दर ९७.५७ प्रतिशत रहेको जनाइएको छ।

सोही अवधिमा थप ३०२ को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८३ हजार १७८ छ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

कोरोना सुरु भएदेखि हालसम्म ६८ करोड ६८ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४९ करोड ६६ लाख ८१ हजार भन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

## क्यापिटल दङ्गाको लागि ट्रम्प दोषी : राष्ट्रपति बाइडेन

वाशिङगटन अमेरिको, २३ पुस, (रासस-एएनआई)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले ६ जनवरी २०२१ को अमेरिकी क्यापिटल दङ्गाको पहिलो वार्षिक सम्बोधन गर्ने क्रममा उक्त घटनाका लागि पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोष दिनु भएको छ। बिहीबार बिहान (स्थानीय समय) कङ्ग्रेसमा बोल्दै राष्ट्रपति बाइडेनले अमेरिकी लोकतन्त्रको सीटमा भएको आक्रमणको लागि आफ्ना पूर्ववर्तीलाई जिम्मेवार भएको आरोप लगाउँनु भएको छ।

बाइडेनले भन्नुभयो "हाम्रो इतिहासमा पहिलो पटक एक राष्ट्रपतिले चुनाव मात्र हारेका थिएनन्। उनले हिंसात्मक भीड क्यापिटलमा पुग्दा शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण रोक्न प्रयास समेत गरे तर तिनीहरू असफल भए। यो सम्झनाको दिनमा, हामीले यो सुनिश्चित गर्नुपर्दछ कि यस्तो आक्रमण कहिल्यै नदोहोरियोस्।"

ट्रम्पको नाम नलिइकन, बाइडेनले आक्रामक रूपमा ट्रम्पमा त्यो दिन के भयो भनेर दोष लगाउँनुभयो। बाइडेनले पूर्व राष्ट्रपतिलाई २०२० को चुनावको वरिपरि "झुटको जाल" भनेर बुनाएको र अमेरिकी लोकतन्त्रलाई आक्रमण गरेकोमा बोलाए जस्तो अरू कुनै नेताले गरेनन्। बाइडेनले भन्नुभयो, "के साँचो र के झुट हो भन्ने बारे हामी पूर्ण रूपमा स्पष्ट हुनुपर्दछ।" उहाँले भन्नुभयो- जसले सिद्धान्त भन्दा शक्तिलाई महत्त्व दिन्छ, आफ्नो देशको हित र अमेरिकाको हित भन्दा आफ्नो स्वार्थ बढी महत्त्वपूर्ण छ भन्ने देख्छ। चोट लागेको अहंकार उसका लागि हाम्रो लोकतन्त्र वा हाम्रो संविधान भन्दा बढी महत्त्वपूर्ण छ।" त्यस्ता व्ययक्तिबाट यस्ता हजर्कत हुन्छन्।

ट्रम्पको विरुद्ध बाइडेनले कडाटिप्पणी गर्दै भन्नुभयो" उहाँले हारेको स्वीकार गर्न सक्नुहुन्न," उहाँले हारेको स्वीकार गर्न सक्नुहुन्न। यद्यपि ९३ सिनेटरहरू, उहाँका आफ्नै महान्यायाधिवक्ता, उहाँका आफ्नै उपराष्ट्रपति, गभर्नरहरू र राज्यका अधिकारीहरू सबैले भने, उहाँ हार्नु भयो।" तर उहाँ स्वीकार गर्नुहुन्न।

## दक्षिण पश्चिम पाकिस्तानमा सडक दुर्घटनामा ६ जनाको मृत्यु, १७ घाइते

इस्लामाबाद, २३ पुस, (रासस-सिन्ह्वा)।

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बिहीबार राति भएको सडक दुर्घटनामा छ जनाको मृत्यु हुनाको साथै महिला र बालबालिकासहित १७ जना घाइते भएका छन्। उक्त घटना प्रान्तको खुजदार जिल्लाको राजमार्गमा विपरीत दिशाबाट आउँदै गरेको ट्रेलरलाई भ्यानले ठक्कर दिँदा भएको प्रहरीले सञ्चारमाध्यमलाई बताएको छ।

उक्त भ्यानमा २५ जनाभन्दा बढी मानिस सवार थिए। प्रहरीका अनुसार उनीहरू नातेदारको विवाहमा सहभागी हुन जाँदै थिए। घाइते र शवहरूलाई नजिकैको अस्पतालमा लगिएको। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको बताइएको छ।

# विभागीय प्रमुखलाई १५/१५ दिनमा कार्यसम्पादन रिपोर्ट दिन शिक्षा मन्त्रीको निर्देशन



**दैनिक समाचारदाता**
**काठमाडौं, २३ पुस ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले शिक्षा मन्त्रालय अन्तरगतका विभागीय प्रमुखलाई १५/१५ दिनभित्रको कार्यसम्पादनको रिपोर्ट बुझाउन निर्देशन दिएका छन् ।

शुक्रबार विभागीय प्रमुखलाई मन्त्रालयमा बोलाएर मन्त्री पौडेलले सो निर्देशन दिएका हुन् ।

'एक हप्तामा गर्न सक्ने काम के के हुन् टिपोट गर्नुहोस्, उनले भने, 'अर्को हप्ता काम गरी नतिजा नस्किने गरी काम हुनपर्‍यो होइन भने कारण चाहियो ।'

मन्त्री पौडेलले ५० औं वर्षदेखि अड्किएका फाइलहरुको विषयमा अध्ययन गरी टुंग्याउन सक्ने काम तत्काल गर्न निर्देशन समेत दिए । शिक्षा मन्त्रालयबाट गरिब, जेहेन्दार तथा असाहय विद्यार्थीलाई दिने छात्रवृत्ति नरोक्न विभागीय प्रमुखलाई निर्देशन दिए ।

'कुनै पनि छात्रवृत्तिको पैसा फिर्ता हुन भएन,' मन्त्री पौडेलले भने, 'छात्रवृत्ति समयमा विद्यार्थीस्तरमा पुग्नुपर्‍यो फिर्ता हुँदा सन्देश राम्रो जाँदैन ।'

मन्त्रालयले बनाएको लक्ष्य पुरा गर्न कर्मचारीमा संकल्प, इच्छा शक्ति र सक्रियाता हुनपर्नेमा जोड दिँदै उनले देश बनाउने जनशक्ति उत्पादन गर्ने थलो शिक्षा मन्त्रालय भएको बताए । 'कमाण्ड कन्ट्रोल हुनुपर्छ, त्यसो भएन भने भद्रागोल हुन्छ,' मन्त्री पौडेलले भने, 'समस्या छन् भने सचिवमार्फत ल्याउनुहोस् ।'

यस्तै शिक्षा, राज्यमन्त्री बोधमाया यादवले विद्यालयमा समयमा नै पाठ्यपुस्तक पुर्‍याउन अहिलेदेखि नै लाग्नुपर्ने बताए ।

# सिटिजन्स बैंकद्वारा कार्ड लेस क्यास विड्रल सेवाको सुरुवात

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ पुस ।**
डिजिटल बैंकिङ्लाई सधैं प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरुका लागि कार्ड लेस क्यास विड्रल (Cardless Cash Withdrawal) सेवाको सुरुवात गरेको छ ।

यो सुविधा मार्फत सिटिजन्स बैंकका मोबाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरुले बिना कार्डएटिएमबाट पैसा निकाल्न सक्नेछन् । यस प्रविधीमा मोबाइलमा पासवर्ड (OTP) प्राप्त गरि सो पासवर्ड (OTP), निकाल्न खोजिएको रकम र मोबाइल नम्बर एटिएम मेसिनमा प्रविष्टि गरि पैसा निकाल्न सकिने छ ।

यो प्रविधी सरल एवं सहज हुनुका साथै आफूसँग कार्ड नभएको अवस्थामा समेत एटिएमबाट पैसा निकाल्न सकिने छ । पुष २३, २०७८ मा एक समारोहका बीच उक्त सेवाको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले बिना कार्ड एटिएमबाट पैसा निकाल्ने प्रविधि डिजिटल बैंकिङ्को क्षेत्रमा एउटा महत्वपूर्ण कोसेढुङ्गा भएको बताउनु भएको छ ।

उहाँले अब प्रत्येक ग्राहकले आफ्नो मोबाइलबाटै सम्पूर्ण बैंकिङ्ग कारोबार गर्ने समय आएको र सिटिजन्स बैंक पनि यस दिशातर्फ अग्रसर भईसकेको बताउनु भयो । बैंकले यस अघि मोबाइलबाटै खाताको बिवरण हेर्ने, बिभिन्न उपयोगी सेवको भुक्तानी गर्ने, रकमान्तर गर्ने लगायत नयाँ कार्ड तथा पिन अनुरोध गर्ने, मुद्दति खाता खोल्ने, कर्जा अनुरोध गर्ने, अनलाइन खाता खोल्ने, केवाईसी गर्ने जस्ता सुबिधा प्रदान गर्दै आइरहेको छ ।

सिटिजन्स बैंकले १७४ वटा शाखाहरुबाट करीब १३ लाख ग्राहकहरुलाई आधुनिक बैंकिङ्ग सेवा दिँदै आएको छ । बैंकले निकट भविष्यमा काठमाडौं उपत्यकामा ६ वटा शाखा विस्तार गर्दैछ ।

# नेपाल प्रहरीका २६ एसएसपीको सरुवा

काठमाडौं, २३ पुस (रासस) ।
नेपाल प्रहरीका २६ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को सरुवा भएको छ । नेपाल सरकार, गृह मन्त्रालय (मन्त्रीस्तर)को बिहीबार साँझ बसेको बैठकले एकैपटक २६ एसएसपीको सरुवा गरेको हो ।

एसएसपीको सरुवासँगै महानगरीय ट्राफिक प्रहरी महाशाखा र महानगरीय अपराध महाशाखाको प्रमुख फेरिएका छन् । ट्राफिक महाशाखामा प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान महाशाखामा कार्यरत उमेशराज जोशी र अपराध महाशाखामा प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरलाई सरुवा गरिएको हो ।

यसअघि ट्राफिक महाशाखामा कार्यरत जनक भट्टराईलाई नेपाल प्रहरी प्रदेश कार्यालय रुपन्देही र अपराध महाशाखामा कार्यरत चन्द्रकुबेर खापुङलाई अपराध अनुसन्धान महाशाखा नक्साल सरुवा गरिएको प्रहरी प्रधान कार्यालय मानव स्रोत एवं प्रशासन विभागले जनाएको छ ।

यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयमा प्रहरी प्रधान कार्यालय महिला तथा ज्येष्ठ नागरिक सेवा महाशाखामा कार्यरत भीमप्रसाद ढकालको सरुवा गरिएको छ । विमानस्थलमा कार्यरत राजेशनाथ बाँस्तोलालाई भने प्रहरी प्रधान कार्यालय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखामा सरुवा गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस्तै प्रदेश कार्यालय, तालिम केन्द्रमा कार्यरत एसएसपीको पनि सरुवा गरिएको छ ।

# शिव केयर नेपालद्वारा दाताहरु सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**
सामाजिक क्षेत्रमा कार्य गर्ने उद्देश्यका साथ नाफारहित स्वार्थका साथ गठन गरिएको एक सामाजिक संस्थाले शुक्रबार संस्थालाई सहयोग गर्ने दाताहरुलाई सम्मान गरेको छ ।

राजविराज ७स्थित शिव केयर नेपाल नामक सामाजिक संस्थाले एक कार्यक्रमको आयोजना गरि संस्थालाई विभिन्न स्थानबाट सहयोग गर्ने ६ जना व्यक्तित्वहरुलाई सम्मान गरेको हो ।

संस्थाका अध्यक्ष ममताकुमारी यादवको अध्यक्षता तथा पूर्वसभासद् सूर्यनाथ यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा संस्थालाई सहयोग गर्ने मन्जुकुमारी यादव, उषाकुमारी यादव, उर्मिलाकुमारी यादव, बिलासकुमारी यादव, रामउद्गार साह र रुबीकुमारी यादवलाई सम्मान गरिएको छ । उनीहरुलाई प्रमुख अतिथि, अध्यक्ष तथा कार्यक्रमका विशिष्ट अतिथि पर्शुराम यादव र महेश यादवले सम्मान गरेका थिए ।

गरिब, दलित तथा विपन्न समुदायका बालबालिकाहरुलाई संस्थाले निस्वार्थ भावनाले शिक्षादिक्षामा सहयोग गरिरहेकोले आर्थिक सहयोग गरेको सम्मानित रुबीकुमारी यादवले बताइन् । उनले आगामी दिनहरुमा संस्थाले जिल्लाका विपन्न समुदायका बालबालिकाहरुलाई निशुल्क उच्च शिक्षाका लागि सहयोग गर्ने लक्ष्य राखेकोले आवश्यक परे पुनः थपसहयोग गर्ने प्रतिवद्धता समेत जनाइन् । सो अवसरमा संस्थाका सम्पूर्ण पदाधिकारी, समाजसेवी तथा दाताहरुको उपस्थिति रहेको थियो ।

# दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २३ पुस ।**
सुनसरीको इटहरी उपमहानगरपालिका २०स्थित पानीपिया जङ्गलमा दुर्घटनामा परेर बिहीबार राति दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सङ्खुवासभा खाँदबारी नगरपालिका ७ का २२ वर्षीय अबि राई र मोरङ सुन्दरहरैचा-५ का २७ वर्षीय सन्तोष राई रहेका छन् ।

कोसी लोकमार्गअन्तर्गत दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको को.२७प. २१९ नंको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १०२००१ ख.८१९६नं. को बसले ठक्कर दिँदा मोटसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए ।

गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । सवारीसाधन र बसचालक इटहरी ४ का ४४ वर्षीय टीकाराम चौधरी प्रहरीको नियन्त्रणमा छन् ।

## लागुऔषध बोकेर ...

बिहीबार साँझ भारतीय सीमासँग जोडिएको बनैनिया क्षेत्रहुँदै लुकिछिपि साइकलमा आउँदै गरेका उनीहरुलाई गस्ती टोलीले चेकजाच गर्दा लागुऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

पक्राउ परेकाहरुलाई शुक्रबार लागुऔषध मुद्दा शिर्षक अन्तरगत सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*